# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४८) काठमाडौं, साउन ६ गते २०५५ साल (अतिरिक्तांक २६

## भाग २

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको सत्ताइसौं वर्षमा संसदले बनाएको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### २०५५ सालको ऐन नं. ७

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

343 आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## पशु स्वास्थ्य तथा पशु सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : मुलुकको अर्थतन्त्रको महत्वपूर्ण स्थान ओगटेको पशुपालन व्यवसायलाई व्यवस्थित र विकसित तुल्याउन र मानव समुदायको पौष्टिक भोजन तथा स्वास्थ्यका दष्टिकोणबाट समेत पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीको स्वस्थ रुपमा उत्पादन, बिक्री वितरण, निकासी तथा पैठारी गर्ने सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको सत्ताइसौं वर्षमा संसदले यो ऐन बनाएकोछ ।

### परिच्छेद-१

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम "पशु स्वास्थ्य तथा पशु सेवा ऐन,२०५५ " रहेकोछ ।

(२) यो ऐन श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको क्षेत्रमा तोकेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "पशु" भन्नाले जुनसुकै प्रकारका पाल्तु वा जंगली जनावर सम्झनु पर्छ र सो शब्दले पंक्षी र माछालाई समेत जनाउँछ ।

(ख) "पशुजन्य पदार्थ" भन्नाले पशुको मासु, रगत, बोसो, पित्त, दूध, फुल, हाड, छाला, सिङ, खुर, प्वाँख, ऊन, भुत्ला, रौं, भ्रूण, वीर्य, ग्रन्थी, मल, मूत्र वा सोबाट बनाइएको अप्रशोधित वस्तु सम्झनु पर्छ ।

३२८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) "पशु उत्पादन सामग्री" भन्नाले पशु स्वास्थ्यमा, कृत्रिम गर्भाधानमा वा जैविक पदार्थ उत्पादनमा उपयोग हुने प्रशोधित वा अप्रशोधित सामग्री सम्झनु पर्छ ।

(घ) "जैविक पदार्थ (बायोलोजिकल्स)" भन्नाले पशु विकास वा पशु स्वास्थ्यको लागि प्रयोग गरिने जीवाणु वा विषाणुयुक्त औषधी, खोप वा जैविक रसायन सम्झनु पर्छ ।

(ङ) "क्वारेन्टाइन चेकपोष्ट" भन्नाले श्री ५ को सरकारले दफा ३ बमोजिम स्थापना गरेको पशु क्वारेन्टाइन चेकपोष्ट सम्झनु पर्छ ।

(च) "क्वारेन्टाइन" भन्नाले कुनै पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीमा कुनै रोग लागेको छ छैन भन्ने कुरा यकिन गर्न पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीलाई कुनै खास ठाउँमा तोकिएको अवधिभर परीक्षणको लागि एकैसाथ वा छुट्टा छुट्टै राख्ने काम सम्झनु पर्छ ।

(छ) "क्वारेन्टाइन अधिकृत" भन्नाले दफा ५ बमोजिम नियुक्ति गरिएको क्वारेन्टाइन अधिकृत सम्झनु पर्छ ।

(ज) "क्वारेन्टाईन स्थल" भन्नाले पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीलाई परीक्षणको लागि क्वारेन्टाईनमा राखिने ठाउँ सम्झनु पर्छ ।

(झ) "संक्रामक रोग" भन्नाले अनुसूचीमा उल्लिखित रोगहरु र श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेका अन्य रोगहरुलाई समेत जनाउँछ ।

(ञ) "विभाग" भन्नाले श्री ५ को सरकार, पशु सेवा विभाग सम्झनु पर्छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ट) "कार्यालय प्रमुख" भन्नाले जिल्ला पशु सेवा कार्यालय वा तोकिएको अन्य कार्यालयको प्रमुख भई काम गर्ने व्यक्ति सम्झनु पर्छ ।

(ठ) "भेटनरी निरीक्षक" भन्नाले दफा २५ बमोजिम नियुक्ति गरिएको वा तोकिएको अधिकृत सम्झनु पर्छ ।

(ड) "पैठारीकर्ता" भन्नाले नेपाल अधिराज्य बाहिरबाट पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री पैठारी गर्ने व्यक्ति सम्झनु पर्छ ।

(ढ) "निकासीकर्ता" भन्नाले नेपाल अधिराज्यबाट पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री निकासी गर्ने व्यक्ति सम्झनु पर्छ ।

(ण) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद–२

## पशु क्वारेन्टाइन सम्बन्धी व्यवस्था

३. क्वारेन्टाइन चेकपोष्टको स्थापना : श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी नेपाल अधिराज्यको कुनै पनि क्षेत्रमा स्थायी वा अस्थायी प्रकृतिको क्वारेन्टाइन चेकपोष्ट स्थापना गर्नेछ ।

४. क्वारेन्टाइन स्थल निर्माण गर्न सक्ने: (१) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी दफा ३ बमोजिम क्वारेन्टाइन चेकपोष्ट स्थापना भएको क्षेत्रमा क्वारेन्टाइन स्थल निर्माण गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

निजी क्षेत्रलाई समेत क्वारेन्टाइन स्थल निर्माण गर्न श्री ५ को सरकारले अनुमति दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम गैर सरकारी क्षेत्रमा क्वारेन्टाइन स्थल निर्माण गर्न चाहनेले विभागबाट सिफारिस पत्र लिनु पर्नेछ ।

(४) उपदफा (१) वा (२) बमोजिम क्वारेन्टाइन स्थल निर्माण गर्दा पालन गर्नु पर्ने शर्त तथा अपनाउनु पर्ने मापदण्ड तोकिए बमोजिम हुनेछ ।

५. क्वारेन्टाइन अधिकृतको नियुक्तिः श्री ५ को सरकारले दफा ३ बमोजिम स्थापना भएको क्वारेन्टाइन चेकपोष्टको प्रमुखको रुपमा काम गर्ने गरी पशु चिकित्सा विषयमा कम्तीमा स्नातकोपाधि हासिल गरेको व्यक्तिलाई क्वारेन्टाइन अधिकृतको पदमा नियुक्ति गर्नेछ ।

६. क्वारेन्टाइनमा राख्नु पर्नेः (१) पैठारीकर्ताले पैठारी गरेका पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीलाई परीक्षणको लागि तोकिएको अवधिसम्म क्वारेन्टाइनमा राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम क्वारेन्टाइनमा राखिएका पशुको लागि आवश्यक पर्ने दाना, पानी र सुरक्षाको व्यवस्था सम्बन्धित पैठारीकर्ताले गर्नु पर्नेछ ।

(३) क्वारेन्टाइनमा राखिएको पशु परीक्षण अवधिभित्रै मरेमा क्वारेन्टाइन अधिकृतले त्यस्तो मरेको पशु परीक्षण गरी नष्ट गर्न पैठारीकर्तालाई आदेश दिनेछ ।

(४) उपदफा (१) बमोजिम क्वारेन्टाइनमा राखिएको पशु मरेमा पैठारीकर्ताले कुनै प्रकारको क्षतिपूर्ति दाबी गर्न पाउने छैन ।

३५६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) क्वारेन्टाइनमा राखिएको पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री परीक्षण गर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ ।

७. प्रमाणपत्र दिनु पर्ने: क्वारेन्टाइन अधिकृतले पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीलाई क्वारेन्टाइनमा राखी जाँच गरेपछि तोकिए बमोजिमको ढाँचामा क्वारेन्टाइन प्रमाणपत्र उपलब्ध गराउनु पर्नेछ ।

८. निकासी वा पैठारी गर्दा पालन गर्नु पर्ने शर्त: निकासीकर्ता वा पैठारीकर्ताले पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री निकासी वा पैठारी गर्दा पालन गर्नु पर्ने शर्त तोकिए बमोजिम हुनेछ ।

९. क्वारेन्टाइन चेकपोष्टको बाटो भएर मात्र पैठारी गर्नु पर्ने: पैठारीकर्ताले पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री पैठारी गर्दा क्वारेन्टाइन चेकपोष्टको बाटो भएर गर्नु पर्नेछ ।

१०. पैठारी गर्न प्रतिबन्ध लगाउन सक्ने: श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेका रोगहरु भएको पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री पैठारी गर्न प्रतिबन्ध लगाउन सक्नेछ ।

११. प्रवेश गर्न रोक लगाउन सक्ने: देहायका अवस्थामा क्वारेन्टाइन अधिकृतले पैठारी गरिएका पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीको प्रवेशमा रोक लगाउन सक्नेछ :-

(क) पैठारी गरिएका पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री जुन ठाउँबाट ल्याइएको हो सो ठाउँमा संक्रामक रोगको प्रकोप भएको सूचना प्राप्त भएमा,

३५८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) पैठारीकर्ताले पैठारी गर्ने पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीमा तोकिए बमोजिम संक्रामक रोग नभएको प्रमाणपत्र र स्वस्थता सम्बन्धी प्रमाणपत्र उपलब्ध नगराएमा,

(ग) खण्ड (ख) बमोजिमको प्रमाणपत्र उपलब्ध गराएको भए तापनि केही पशुहरु संक्रामक रोग लागि मरेको पाइएमा,

(घ) पैठारी गरिएको पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री ल्याउनको निमित्त प्रयोग गरिएको सवारी साधनमा संक्रामक रोगको लसपस भएको पाइएमा ।

१२. <u>आदेश दिन सक्ने:</u> (१) क्वारेन्टाइन अधिकृतले दफा ११ बमोजिम प्रवेश गर्न रोक लगाइएको पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री जुन मुलुकबाट ल्याइएको हो सो मुलुकमा फिर्ता लैजान आदेश दिन सक्नेछ ।

(२) पैठारी गरिएका पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री त्यसै राखी छोड्दा वा सम्बन्धित मुलुकमा फिर्ता पठाउँदा संक्रामक रोग फैलन सक्ने संभावना देखिएमा क्वारेन्टाइन अधिकृतले पैठारीकर्तालाई त्यस्तो पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीलाई हटाउने वा नष्ट गर्ने आदेश दिन सक्नेछ ।

१३. <u>लिलाम गर्न सकिने:</u> (१) क्वारेन्टाइन स्थलमा राखिएको पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री तोकिएको अवधिभित्र सम्बन्धित पैठारीकर्ताले फिर्ता नलगेमा क्वारेन्टाइन अधिकृतले

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

त्यस्तो पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री जफत गरी लिलाम गर्न सक्नेछ । लिलाम गर्ने अवस्था र कार्यविधि तोकिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम जफत गरिएको पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री लिलाम गर्न उपयुक्त नदेखिएमा वा लिलाम गर्दा कसैले नसकारेमा क्वारेन्टाइन अधिकृतले त्यस्तो पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री हटाउन वा नष्ट गर्न आदेश दिन सक्नेछ ।

१४. हटाउने वा नष्ट गर्ने: (१) दफा ६, १२ वा १३ बमोजिम हटाउने वा नष्ट गर्ने आदेश पाएपछि सम्बन्धित पैठारीकर्ताले त्यस्तो पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामाग्री हटाउन वा नष्ट गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सम्बन्धित पैठारीकर्ताले पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री नहटाएमा वा नष्ट नगरेमा क्वारेन्ट्राईन अधिकृत आफैंले त्यस्तो पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री हटाउन वा नष्ट गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री हटाउंदा वा नष्ट गर्दा लाग्ने सम्पूर्ण खर्च पैठारीकर्ताबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

१५. पशुहरुको वसार पसार सम्बन्धी व्यवस्था: नेपाल अधिराज्यको कुनै एक ठाउँको पशुहरुमा संक्रामक रोग लागेको कुरा पत्ता लागेमा कार्यालय प्रमुख वा क्वारेन्टाइन अधिकृतले त्यस्ता पशुहरु नेपाल अधिराज्यको कुनै अर्को ठाउँमा वसार पसार गर्न प्रतिबन्ध लगाउन सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद-३
## पशु नसल सुधार सम्बन्धी व्यवस्था

१६. सूचना जारी गर्न सक्ने: (१) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी नेपालमा रहेका कुनै जातका पशुको वंश लोप हुनबाट बचाउन वा तिनीहरुको नसल सुधार गर्ने दृष्टिले नेपाल अधिराज्यको कुनै क्षेत्रमा सोही सूचनामा तोकेको जातको भाले जातको पशु बाहेक अन्य भाले जातको पशु खसी पारी राख्नु पर्ने गरी सूचना जारी गर्न सक्नेछ।

तर परम्परादेखि चलिआएको पूजा आजा वा धार्मिक अनुष्ठानका लागि नभई नहुने खसी नपारेको भाले पशु पाल्नु पर्ने भएमा त्यस्तो पशुलाई गर्भाधान गराउन नसक्ने गरी अलग्गै राख्न उपदफा (१) मा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन।

(२) उपदफा (१) बमोजिम तोकिएको जात बाहेक अन्य भाले जातको पशु पालेको पाइएमा कार्यालय प्रमुखले सम्बन्धित व्यक्तिलाई त्यस्तो भाले पशुलाई तत्कालै खसी पार्ने आदेश दिन सक्नेछ।

## परिच्छेद-४
## उद्योग स्थापना तथा निकासी पैठारी सम्बन्धी व्यवस्था

१७. उद्योग स्थापना गर्न सिफारिस पत्र लिनु पर्ने: जैविक पदार्थ, चल्ला, माछाका भूरा उत्पादन गर्ने (ह्याचरी) वा पशु दाना वा मासु प्रशोधन सम्बन्धी उद्योग स्थापना गर्न चाहने व्यक्तिले तोकिएको निकायबाट सिफारिस पत्र लिनु पर्नेछ।

१८. निकासी वा पैठारी गर्न सिफारिस लिनु पर्ने: जैविक पदार्थ, चल्ला वा माछाका भूरा वा पशु दाना निकासी वा पैठारी गर्न


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

चाहने व्यक्तिले तोकिएको दस्तुर तिरी तोकिएको निकायबाट सिफारिस पत्र लिनु पर्नेछ ।

१९. अनुमतिपत्र लिनु पर्ने: (१) जैविक पदार्थ, चल्ला, माछाका भूरा बिक्री वितरण वा मासु प्रशोधन गर्न चाहने व्यक्तिले तोकिएको निकायबाट तोकिएको दस्तुर तिरी अनुमतिपत्र लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम बिक्री वितरण गरिने जैविक पदार्थ, चल्ला, माछाका भूरा वा मासु प्रशोधनको गुणस्तर तथा मापदण्ड तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद–५
## दण्ड सजाय र पुनरावेदन

२०. दण्ड सजाय: (१) दफा ९ को उल्लङ्घन गरी पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री पैठारी गर्ने व्यक्तिलाई पच्चीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ र त्यसरी पैठारी गरिएका पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीमा संक्रामक रोग भएको पाइएमा दोब्बर जरिबाना हुनेछ ।

(२) दफा १० को उल्लङ्घन गर्ने व्यक्तिलाई दश हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

(३) दफा १२ को उपदफा (१) बमोजिम दिइएको आदेश पालन नगर्ने व्यक्तिलाई पच्चीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

(४) उपदफा (१), (२) र (३) मा लेखिएदेखि बाहेक यो ऐन वा यस ऐन अन्तरगत बनेको नियमावलीको उल्लङ्घन गर्ने व्यक्तिलाई कसूरको मात्रा हेरी पाँच हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२१. मुद्दाको तहकिकात र दायरी: (१) यस ऐन अन्तर्गतको कसूरको तहकिकात क्वारेन्टाईन चेकपोष्टको कम्तीमा राजपत्र अनंकित प्रथम श्रेणीको प्राविधिक सहायकले गर्नेछ र त्यस्तो तहकिकातको काम पूरा भएपछि मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्नेछ ।

(२) उपदफा (१) बमोजिम मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्दा मुद्दाको तहकिकात गर्ने कर्मचारीले सरकारी वकीलसित राय सल्लाह लिन सक्नेछ ।

२२. मुद्दा हेर्ने अधिकारी: (१) दफा ९ अन्तर्गतको मुद्दा हेर्ने अधिकार सम्बन्धित प्रमुख जिल्ला अधिकारीलाई हुनेछ ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक यस ऐन अन्तरगतको मुद्दा हेर्ने अधिकार कार्यालय प्रमुखलाई हुनेछ ।

२३. श्री ५ को सरकार वादी हुने: यस ऐन अन्तर्गतको मुद्दा श्री ५ को सरकार वादी हुनेछ ।

२४. पुनरावेदन: दफा २२ को उपदफा (१) बमोजिमको अधिकारीले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले पैंतीस दिनभित्र पुनरावेदन अदालत समक्ष र उपदफा (२) बमोजिमको अधिकारीले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले विभागको महानिर्देशक समक्ष पुनरावेदन गर्न सक्नेछ ।

## परिच्छेद-६
## विविध

२५. भेटनरी निरीक्षकको नियुक्ति: (१) श्री ५ को सरकारले पशु औषधि वा जैविक पदार्थको गुणस्तर निर्धारित मापदण्ड अनुसार भए नभएको जाँच गर्न आवश्यक स्थान र संस्थामा भेटनरी निरीक्षकहरु नियुक्ति गर्न वा तोक्न सक्नेछ ।


२६३
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिम नियुक्ति हुने भेटनरी निरीक्षकहरुको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

२६. अधिकार प्रत्यायोजन: यस ऐन बमोजिम, कार्यालय प्रमुख, पशु चिकित्सक, क्वारेन्टाइन अधिकृत वा भेटनरी निरीक्षकलाई प्राप्त अधिकार मध्ये मुद्दा हेर्ने अधिकार बाहेक अन्य अधिकार आवश्यकता अनुसार निजले आफ् मातहतका कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२७. पशु प्रति निर्दयी व्यवहार गर्न रोक लगाउन सक्ने: श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी पशु प्रति हुने निर्दयी व्यवहार रोक्नको लागि एउटा समिति गठन गर्न सक्नेछ र त्यस्तो समितिको काम, कर्तव्य र अधिकार सोही सूचनामा तोकिदिए बमोजिम हुनेछ ।

२८. जाँचबुझ गर्न सक्ने: (१) कार्यालय प्रमुखलाई कुनै पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीमा संक्रामक रोग लागेको छ भन्ने शंका लागेमा त्यस्तो पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री रहेको जुनसुकै स्थानमा प्रवेश गरी जाँचबुझ गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीको जाँचबुझ गर्दा दफा १० बमोजिम श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेका रोगहरु लागेको पाइएमा कार्यालय प्रमुखले त्यस्तो पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीलाई हटाउन वा नष्ट गर्न आदेश दिनेछ ।

(३) उपदफा (२) बमोजिम सम्बन्धित धनीले पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री नहटाएमा वा नष्ट



अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नगरेमा कार्यालय प्रमुख आफैंले त्यस्तो पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री हटाउन वा नष्ट गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री हटाउँदा वा नष्ट गर्दा लाग्ने सम्पूर्ण खर्च सम्बन्धित धनीबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

२९. नष्ट गर्ने कार्यविधि: यस ऐन बमोजिम मृत पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री नष्ट गर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ ।

३०. बाधा नहुने: यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै प्रशोधित पशुजन्य पदार्थमा संक्रामक रोक लागेको आशंका भएमा त्यस्तो प्रशोधित पशुजन्य पदार्थलाई क्वारेन्टाईनमा राखी परीक्षण गर्न बाधा पुऱ्याएको मानिने छैन ।

३१. अनुसूचीमा हेरफेर तथा थपघट गर्ने अधिकार: श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यकतानुसार हेरफेर तथा थपघट गर्न सक्नेछ ।

३२. प्रचलित कानून बमोजिम हुने: यस ऐनमा लेखिएजति कुरामा यसै ऐन बमोजिम र अरुमा प्रचलित कानून बमोजिम हुनेछ ।

३३. नियम बनाउने अधिकार : यस ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि श्री ५ को सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

३४. संशोधन : संक्रामक रोग ऐन, २०२० मा ठाउँ ठाउँमा प्रयोग भएका "पशु, पंक्षी वा" भन्ने शब्दहरु झिकिएका छन् ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची

(दफा २ को खण्ड (झ) संग सम्बन्धित)

१. ए ०१० फूट एण्ड माउथ् डिजिज् (एफ.एम.डी.)
२. ए ०११ एफ.एम.डी. भाईरस ओ.
३. ए ०१२ एफ.एम.डी. भाईरस ए
४. ए ०१३ एफ.एम.डी. भाईरस सी.
५. ए ०१४ एफ.एम.डी. भाईरस एस ए टी १
६. ए ०१५ एफ.एम.डी. भाईरस एस ए टी २
७. ए ०१६ एफ.एम.डी. भाईरस एस ए टी ३
८. ए ०१७ एफ.एम.डी. भाईरस एसिया १
९. ए ०१८ एफ.एम.डी. भाईरस प्रकार नदिएको
१०. ए ०२० भेसिकुलर स्टोमेटाइटिस (भी.एस.)
११. ए ०२१ भी.एस. भाईरस इण्डियाना
१२. ए ०२२ भी.एस. भाईरस न्यूजर्सी
१३. ए ०२३ भी.एस. भाईरस प्रकार नदिएको
१४. ए ०३० स्वाईन भेसिकुलर डिजिज्
१५. ए ०४० रिण्डरपेष्ट
१६. ए ०५० पेष्टिस डेस पेटिटिस रुमिनान्ट्रा्
१७. ए ०६० कन्टाजियस बोभाईन प्ल्यूरोन्यूमोनिया
१८. ए ०७० लम्पी स्कीन डिजिज्
१९. ए ०८० रिफ्ट भ्याली फिभर
२०. ए ०९० ब्ल्यू टङ्ग
२१. ए १०० सीप पक्स एण्ड गोट पक्स
२२. ए ११० अफ्रिकन हर्स सिक्नेस
२३. ए १२० अफ्रिकन स्वाईन फिभर
२४. ए १३० हग क्लेरा
२५. ए १४० फाउल प्लेग
२६. ए १६० न्यू क्यासल डिजिज्



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मल्टिपल स्पेसिज डिजिज

२७. बी ०५१ एन्थ्राक्स्
२८. बी ०५२ एजोकाईज डिजिज्
२९. बी ०५२ इकाइनोकोकोसिस्/हाइड्रेटिडोसिस्
३०. बी ०५५ हर्टवाटर
३१. बी ०५६ लेप्टोस्पाइरोसिस्
३२. बी ०५७ क्यू फिवर
३३. बी ०५८ रेविज
३४. बी ०५९ प्याराट्यूवरक्लोसिस्
३५. बी ०६० स्क्रीउ वर्म (कोक्लियोमिया होमिनोभोरस)

क्याटल डिजिज

३६. बी १०१ एनाप्लाज्मोसिस्
३७. बी १०२ ववेसियोसिस्
३८. बी १०३ वोभाईन व्रुसेल्लोसिस् (वी.एवोर्ट्स)
३९. बी १०४ वोभाईन जेनाइटल क्याम्पाइलो ब्याक्टेरियोसिस्
४०. बी १०५ वोभाईन ट्यूवरक्लोसिस् (माइको व्याक्टेरियम वोभिस)
४१. बी १०६ सिस्टीसर्कोसिस् (सि. वोभिस)
४२. बी १०७ डर्म्याटोफिलोसिस्
४३. बी १०८ इन्जुटिक वोभाइन ल्यूकोसिस
४४. बी १०९ ह्यामोरहेजिक सेप्टीसेमिया
४५. बी ११० इन्फेक्सियस् वोभाइन राइनोट्रेकाइटिस्
४६. बी १११ थेलेरियोसिस्
४७. बी ११२ ट्राइको मोनियसिस्
४८. बी ११३ टाइपानोसोमियासिस्
४९. बी ११४ वोभाइन म्यालिग्न्यान्ट क्याटरहल
५०. बी ११५ वोभाइन स्पोन्जिफर्मिइन्सेफालोप्याथी

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरेपछि मात्र लागु हुनेछ।

सीप एण्ड गोट डिजिज

५१. बी १५१ ब्रुसेल्लोसिस् ओभिस इन्फेक्सन
५२. बी १५२ क्याप्राइन एण्ड ओभाइन ब्रुसेल्लोसिस् (बी. मेलीटेन्सिस्)
५३. बी १५३ क्याप्राईन अर्थ्राराइटिस्/इन्सेफलाइटिस
५४. बी १५४ कन्टाजियस एगालेक्सिया
५५. बी १५५ कन्टाजियस क्याप्राइन प्लुरोन्यूमोनिया
५६. बी १५६ इन्जटिक एर्बोसन अफ इयुज
५७. बी १५७ पल्मोनरी एडिनोमेटोसिस
५८. बी १५८ नैरोबी सीप डिजिज्
५९. बी १५९ साल्मोनेल्लोसिस् (एस. एवोर्टस ओभिस)
६०. बी १६० स्क्रेपी
६१. बी १६१ माएदी भिस्ना

हर्स डिजिज

६२. बी २०१ कन्टाजियस् इक्वाइन् मेट्राइटिस्
६३. बी २०२ डुराइन
६४. बी २०३ इपिजुटिक लिम्फेन्जाइटिस्
६५. बी २०४ इक्वाइन इन्सेफालोमाइलाइटिस्
६६. बी २०५ इक्वाइन इन्फेक्सिएस् एनिमिया
६७. बी २०६ इक्वाइन इन्फ्लूएन्जा (भाइरस टाइप ए)
६८. बी २०७ इक्वाइन पाइरोप्लाज्मोसिस् (बबेसियोसिस्)
६९. बी २०८ इक्वाइन राइनोन्यूमोनाइटिस्
७०. बी २०९ ग्ल्यान्डर्स्
७१. बी २१० हर्स पक्स्
७२. बी २११ इन्फेक्सिएस् आर्थराइटिस् अफ हर्स
७३. बी २१२ जापनिज इन्सेफलाइटिस्
७४. बी २१३ हर्स मेन्ज

३६ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७५. बी २१५ सर्रा
७६. बी २१६ भेनेजुएलान इक्वाइन इन्सेफालोमाइलिटिस्

पीग डिजिज

७७. बी २५१ एट्रोफिक राइनाइटिस्
७८. बी २५२ सिस्टीसर्कोसिस् (सी.सेलूलोसा)
७९. बी २५३ पोर्साइन ब्रूसेल्लोसीस् (बी. सूइस्)
८०. बी २५४ ट्रान्समिसिवल ग्यास्ट्रोइन्टेराइटिस् अफ पीग
८१. बी २५५ ट्राइकिनेलोसिस्
८२. बी २५६ इन्टेरोभाइरस इन्सेफालोमाइलाइटिस्
८३. बी २५७ पोर्साइन रिप्रोडक्टिभ एण्ड रेस्पिऱ्याटोरी सिन्ड्रोम

पोल्ट्री डिजिज

८४. बी ३०१ एभिएन इन्फेक्सिएस् ब्रोन्काइटिस्
८५. बी ३०२ एभिएन इन्फेक्सिएस् ल्यारिन्जोट्रेकाइटिस्
८६. बी ३०३ इभिएन ट्यूवरक्लोसिस
८७. बी ३०४ डक् भाइरस हेपाटाइटिस्
८८. बी ३०५ डक् भाइरस इन्टेराइटिस् (डक् प्लेग)
८९. बी ३०६ फाउल क्लेरा
९०. बी ३०७ फाउल पक्स
९१. बी ३०८ फाउल टाइफाइड (एस. ग्यालीनेरम)
९२. बी ३०९ इन्फेक्सिएस् ब्रर्सल डिजिज् (गमबोरो डिजिज्)
९३. बी ३१० मेरेक्स डिजिज्
९४. बी ३११ माइकोप्लाज्मोसिस् (एम. ग्यालिसेप्टिकम)
९५. बी ३१२ सिटाकोसिस् एण्ड ओर्निथोसिस् डिजिज्
९६. बी ३१३ पूल्लोरम डिजिज् (एस. पूल्लोरम)


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

डिजिज अफ अदर एनिमल

९७. बी ५०१ लेस्मानीएसिस्

मल्टिपल स्पेसीज डिजिज

९८. सी ६११ लिस्टेरियोसिस्
९९. सी ६१२ टक्सोप्लाज्मोसिस्
१००. सी ६१३ मेलिओडोसिस्
१०१. सी ६१४ ब्लाक्लेग
१०२. सी ६१५ बाटूलिज्म
१०३. सी ६१६ अदर क्लोस्ट्रेडियल इन्फेक्सन्स्
१०४. सी ६१७ अदर पास्चुरेल्लोसिस्
१०५. सी ६१८ एक्टिनोमाइकोसिस्
१०६. सी ६१९ इन्टेस्टिनल साल्मोनेल्ला इन्फेक्सन्स्
१०७. सी ६२० कक्सिडियोसिस्
१०८. सी ६२१ डिस्टोम्याटोसिस् (लिभर फलुक)
१०९. सी ६२२ फिलारियासिस्

क्याटल डिजिज

११०. सी ६५२ म्यूकोसल डिजिज/वोभाइन भाइरस डाईरिया
१११. सी ६५३ भिव्रियोनिक डिसेन्ट्री
११२. सी ६५४ बार्वल इन्फेस्टेसन्

सीप एण्ड गोट डिजिज

११३. सी ७०१ कन्टाजियसे पोस्चुलर डर्माटाइटिस्
११४. सी ७०२ फूट रट
११५. सी ७०३ कन्टाजियस् ओप्थालमिया
११६. सी ७०४ इन्टेरोटक्सिमिया
११७. सी ७०५ केजियस लिम्फेन्डिनाइटिस्
११८. सी ७०६ सीप मेन्ज

डिजिज अफ अदर एनिमल्स

११९. सी ७५१ इक्वाइन क्वाइटल एक्जेन्थेमा

१२०. सी ७५२ अल्सरेटिफ लेम्फेन्जाइटिस्

१२१. सी ७५३ स्ट्रेन्गल्स्

१२२. सी ७५४ साल्मोनेल्लोसिस् (एस. एबोर्टस् इक्वाई)

पीग डिजिज

१२३. सी ८०१ स्वाइन इरिसेपलस्

पोल्ट्रि डिजिज

१२४. सी ८५१ इन्फेक्सिएस् कोराइजा

१२५. सी ८५३ एभिएन इन्सेफालोमाइलाइटिस्

१२६. सी ८५४ एभिएन स्पाइरोकिटोसिस्

१२७. सी ८५५ एभिएन साल्मोनेल्लोसिस्

१२८. सी ८५६ एभिएन ल्यूकोसिस्

डग एण्ड क्याट डिजिज

१२९. सी ९२१ क्यानाइन डिस्टेम्पर

लालमोहर सदर मितिः- २०५५।४।६।४

आज्ञाले,
तीर्थमान शांक्य
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

362

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।